खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

# KIAN हेल्लो खावासाकी

अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,
भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज

संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नु होस्।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी, खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

******************************************************************************************

## आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" सम्बन्धि



**२०२० साल जनवरी १ तारिख देखि डिसेम्बर ३१ तारिख** सम्मको आय रकम (आम्दानी तथा खर्च) अनुसार आयकरको लेखा परीक्षण (हिसाब) गरि आय विवरण घोषणा गर्छौं। स्वरोजगार, कृषि, एक भन्दा बढी व्यवसायमा लागेका व्यक्तिहरु आदिले आय विवरण घोषणा गर्नै पर्ने हुन्छ। तलब लिएर काम गर्ने धेरै जस्तो व्यक्तिहरुले आय विवरण घोषणा गर्न आवश्यक छैन्। तर, तल उल्लेखित गरिएका निम्न व्यक्तिहरुले भने घोषणा गर्नै पर्ने हुन्छ।

- वार्षिक तलब २० करोड येन भन्दा बढी हुने व्यक्ति
- दुई भन्दा बढी ठाउँबाट तलब लिएर काम गर्ने गरेको व्यक्ति आदि



भिसा नवीकरण तथा परिवर्तन गर्दा आय विवरण घोषणा गरेको कागजपत्रको प्रतिलिपि पेस गर्नु पर्ने पनि हुन सक्छ। त्यसैले यसलाई सुरक्षित साथ राख्नुहोस्।

●यदि तपाइँमा निर्भर रहिआएको तपाइँको आफ्नो देशमा बस्ने परिवार छ भने तपाइँले निर्भरता कटौती गरि लिन सक्नुहुनेछ। जापानमा परिवार सँगै काम गर्दै बसेको तर निर्भरता कटौती नगरेको व्यक्तिहरुले पनि छुट्टै आय विवरण घोषणा गरि कर फिर्ती लिऔ।

**घोषणा गर्ने अवधि: <u>२०२१/२/१६ (मंगलबार) देखि २०२१/३/१५ (सोमबार) सम्म</u>**

**आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" गर्दा आवश्यक पर्ने कुराहरु:**

१. आय विवरण घोषणा फाराम (कर कार्यालयमा राखिएको हुन्छ) - घोषणा फाराम आदिमा "माई नम्बर" भर्ने ठाउँ हुन्छ।
२. अघिल्लो वर्षको आय रकम थाहा हुने कागजपत्र (कर कटौती गरेको कागज वा पैसा तिरेको कागजपत्र) ३. “जाईरियु कार्ड” (जापानको बसाई दर्तापत्र)
४. निर्भरता कटौतीका लागि आवश्यक कागजपत्रहरु ( तपाइँमा निर्भर रहिआएको तपाइँको आफ्नो देशमा बस्ने परिवारको जन्मदर्ता प्रमाणपत्र र उक्त व्यक्तिको नाममा पैसा पठाएको कागजपत्र आदि )
५. स्वास्थ्य बीमा कटौतीको लागि आवश्यक कागजहरु (स्वास्थ्य बीमा कटौतीको प्रमाणपत्र) ६. चिकित्सा खर्च कटौती (बिलहरु)
७. छाप अथवा हस्ताक्षर आदि

| खावासाकीको कार्यालयहरु | सम्पर्क गर्ने ठाउँ | तपाइँ बस्ने वडा |
|---|---|---|
| खावासाकी उत्तरी कर कार्यालय | २-४-३ हिसामोतो, ताकाचु वडा, खावासाकी (044-852-3221) | नाकाहारा वडा, ताकाचु वडा र मियामाए वडा |
| खावासाकी पश्चिमी कर कार्यालय | १-३-१४ खामीआसो, आसो वडा, खावासाकी (044-965-4911) | तामा वडा र आसाओ वडा |
| खावासाकी दक्षिणी कर कार्यालय | ३-१८ एनोकिच्यो, खावासाकी वडा, खावासाकी (044-222-7531) | खावासाकी वडा र साईवाई वडा |

●राष्ट्रिय कर कार्यालयको होमपेजबाट अंग्रेजीमा पनि जानकारी प्राप्त गर्न सक्नु हुनेछ।

**आयकरको बारेमा जानकारी होमपेज** https://www.nta.go.jp/english/taxes/individual/12011.htm

**स्थानीय प्राधिकरण अन्तर्राष्ट्रिय संघको होम पेज** http://www.clair.or.jp/tagengorev/ja/index.html

(अंग्रेजी, जर्मनी, चिनियाँ, कोरियन/उत्तर कोरियन, फ्रेन्च, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, इन्डोनेसियाली, थाई, रुसी, बर्मेली भाषाको पेज पनि छ।)

******************************************************************************************

## भेटघाट तथा छलफल कार्यक्रम ～इन्डोनेसियाली खाना～

**लोकप्रिय इन्डोनेसियाली खाना "नासिगोरेन" पकाई हेरौं ! ZOOM मार्फत गरिने सांस्कृतिक परिचय र प्रशिक्षकसँगको अन्तर्क्रिया कार्यक्रम पनि छ!**

**मिति र समय**: २०२१/ २/ २७ (शनिबार) बिहान ११:०० बाट दिउँसो २: ०० सम्म (अनलाइन) **सहभागिता शुल्क**: नि: शुल्क

**प्रशिक्षक**: जेनी मीउरा (इन्डोनेसियन नागरिक) **खानाको परिकार**: “नासिगोरेन” तथा अन्य

**आवेदन दिने तरिका**: होमपेजको अथवा हुलाक पत्र मार्फत तल लेखिएको व्यक्तिगत जानकारी लेखेर आवेदन दिनुहोस्।


१. कार्यक्रमको नाम " इन्डोनेसियन खाना" २. सहभागीको नाम ३. ठेगाना ४. ईमेल ५. फोन नम्बर

**आवेदन फारम URL** https://www.kian.or.jp/wf/

**आवेदनको म्याद**: २०२१/२/१६

※विस्तृत जानकारीको लागि पर्चा (फ्लायर), केन्द्रको होमपेज, फेसबुक्क हेर्नु होस् अथवा केन्द्रमा सम्पर्क गर्नु होस्।
कोरोना भाइरसको संक्रमणको कारणले यस पटक ZOOM मार्फत अनलाइन प्रसारण गरिनेछ।


# केन्द्रको कार्यक्रमहरु

| कक्षा र कार्यक्रम | मिति र समय | सहभागिता | विवरण |
|---|---|---|---|
| विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा<br>जापानिज भाषा <br>➢ कोरोन भाइरसको संक्रमण बढ्दै गएको कारणले गर्दा जापानिज भाषाको कक्षा संचालन हुने दिनहरु परिवर्तन हुन पनि सक्छ। | बिहानको कक्षा (प्रत्येक मंगलबार र शुक्रबार)<br>जनवरी २६ तारिख देखि<br>बिहान १०:५० बाट ११:५०<br>➢ केहि प्रश्न भएमा हामीलाई सम्पर्क गर्नुहोस्।<br>रातिको कक्षा (प्रत्येक बुधबार)<br>जनवरी २७ तारिख देखि<br>साँझ ६:३० बाट ८:००<br>➢ केहि प्रश्न भएमा हामीलाई सम्पर्क गर्नुहोस्। | ९,३५० येन<br>पाठ्यक्रमको शुल्क अलगै लाग्ने<br>३,७०८ येन<br>पाठ्यक्रमको शुल्क अलगै लाग्ने | शुरु देखि (हीरागाना देखि) माथिल्लो तह सम्मको ९ देखि ११ वटा कक्षा छ। बिहानको कक्षामा बच्चा हेरिदिने (१ वर्ष भन्दा माथिको) सुविधा छ।<br>धमाधम आवेदन लिदै ! कृपया फोटो एक प्रति (३X४cm को) लिएर आउनुहोस्। |
| विदेशी विद्यार्थीहरुको जापानिज भाषाको वक्तृत्व-कला प्रतियोगिता  | फेब्रुअरी ६ तारिख (शनिबार)<br>दिउँसो १:०० बाट ३:३०<br>**अनलाइन प्रसारण** | **नि:शुल्क**<br>तलको QR कोडबाट प्रतियोगिता हेर्न सक्नु हुन्छ<br>। | वक्तृत्व-कला प्रतियोगिता अनलाइनबाट प्रसारण गरिनेछ। |
| विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको कक्षा "तेराकोया"  | फेब्रुअरी १३, २० र २७ तारिख (शनिबार)<br>मार्च ६, १३, २० र २७ तारिख (शनिबार)<br>बिहान १०:०० बाट ११:००<br>(कक्षाको योजना) | **नि:शुल्क**<br>आवेदन दिनु पर्ने<br>(अभिभावकले पुर्याउन र लिन आउनु पर्ने) | जापानिज भाषा राम्ररी नआएर विद्यालयको पढाईमा समस्या परेको विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको लागि, जापानिज भाषा तथा विद्यालयको पढाईमा सहयोग गर्ने कक्षा हो। |
| वसन्त ऋतुको बिदामा संचालन गरिने बच्चाहरुको विदेशी भाषाको कक्षा<br>बच्चाहरुको अंग्रेजी कक्षा A<br>बच्चाहरुको अंग्रेजी कक्षा B<br>बच्चाहरुको स्पेनिश कक्षा  | २०२१ साल<br>मार्च २९ तारिख (सोमबार) देखि<br>३१ तारिख (बुधबार) | ३,३०० येन<br>(पाठ्यक्रमको शुल्क सहित)<br>जनवरी अन्त्य देखि आवेदन शुरु | विदेशी शिक्षकहरु सँग अंग्रेजी (प्राथमिक विद्यालय १ देखि ४ कक्षा) र स्पेनिश (प्राथमिक विद्यालय १ देखि ५ कक्षा) सिकौं। |
| खावासाकी शहर र ब्रिटेनको शेफील्ड शहर बीचको मैत्री सम्बन्धको ३०औं वार्षिकोत्सव<br>भब्य सांगीतिक कार्यक्रम<br>“नोरिको ओगावा पिआनो कन्सर्ट” | २०२१ साल मार्च १३ तारिख (शनिबार)<br>पहिलो सो दिउँसो २:३० बाट शुरु<br>(दिउँसो २:०० बाट प्रदर्शनी हलमा प्रवेस गर्न पाउने)<br>दोश्रो सो बेलुकी ७:०० बाट शुरु<br>(साँझ ६:३० बाट प्रदर्शनी हलमा प्रवेस गर्न पाउने)<br>खावासाकी अन्तर्राष्ट्रिय केन्द्र हल<br>(२ पटक प्रसारण गरिनेछ) | अग्रिम टिकेट २००० येन<br>कार्यक्रमको दिनमा टिकेट किनेमा २५०० येन (सीट बाँकी भएमा मात्र)<br>जनवरी १२ तारिख (मंगलबार) देखि HP, टेलिफोन तथा केन्द्रमा आई निबेदन दिनसक्नु हुन्छ। | विश्वभरिको ठुल-ठुला अर्केस्ट्रा र संगीतकारहरूको साथ ब्रिटेन र जापानमा सांगीतिक कार्यक्रम तथा विभिन्न कुराहरुमा सक्रिय रहदै आउनु भएको नोरिको ओगावा ज्यूको पियानो कन्सर्ट आयोजना गर्दैछौं।<br>नछुटाउनु होला! |

*****************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशीको लागि परामर्श सेवा
## विभिन्न भाषा बाट एकै ठाउँमा परामर्श लिन सकिने "वान् स्टप केन्द्र"

**केहि प्रश्नहरु भएमा अथवा तपाईलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नु होस्। (नि:शुल्क)**



- परामर्श सेवाको समय ： बिहान १० बजे देखि १२ बजे सम्म र दिउँसो १ बजे देखि ४ बजे सम्म
- परामर्श सेवाको प्रत्यक्ष सम्पर्क नं.: 044-455-8811

| भाषा | बार |
|---|---|
| **अंग्रेजी** | सोमबार देखि शनिबार |
| **पोर्तुगाली** | मंगलबार र शुक्रबार |
| **कोरियन /उत्तर कोरियन** | मंगलबार र बिहीबार |
| **भियतनामी** | मंगलबार र शुक्रबार |
| **इन्डोनेसियाली** | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| **चिनियाँ** | सोमबार देखि शनिबार |
| **स्पेनिश** | मंगलबार र बुधबार |
| **तागालोग** | मंगलबार र बुधबार |
| **थाई** | सोमबार र मंगलबार |
| **नेपाली** | मंगलबार र शनिबार |

**खावासाकी अन्तर्राष्ट्रिय केन्द्र होमपेज**

## ※ प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

**(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क)**

**【मिति र समय】** २०२१/२/२१ ( आइतबार ) र २०२१/३/२१ ( आइतबार ) दिउँसो २ बजे देखि ४ बजे सम्म

**【 स्थान 】** खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दोश्रो तल्ला , संघको बैठक कोठा